स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



व्यावसायिक तथा समीक्षात्मक रूपमा सफल मानिएको फिल्म 'पशुपति प्रसाद'को चरित्र 'भष्मे डन'माथि बनेको फिल्म 'पशुपति प्रसाद २: भष्मे डन' ओटीटीमा रिलिज भएको छ । फिल्म शनिवारदेखि ओटीटी 'सिनेमाघर एप'मा रिलिज भएको हो । स्वस्तिमा खड्का, रवीन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल लगायतको अभिनय रहेको फिल्म दीपेन्द्र के. खनालले निर्देशन गरेका हुन् ।

**आजको विचार...**



आम सवाल...
*(दुई पेजमा)*
गोविन्द भट्टराई



नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा निर्देशक अभिनेता दयाहाङ राईले र नवीन सुब्बा सहभागिता जनाउने भएका छन् । फेस्टिभलमा उनीहरुले सहकार्य गरेको फिल्म 'गाउँ आएको बाटो'को ओपनिङ स्क्रिनिङ हुँदैछ । जुन २० देखि सुरु हुने फेस्टिभलको ओपनिङ फिल्मको रुपमा यो सोसल ड्रामा फिल्म तय छ । अमेरिकाब्यापी रिलिजको पूर्वसन्ध्यामा हुने रेडकार्पेट प्रिमियरमा निर्देशक सुब्बा र अभिनेता राई सहभागि हुन लागेका हुन् ।

❐ वर्ष २९ ❐ अंक ३१९ ❐ २०८१ असार ४ गते मंगलबार 18 June 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### चट्याङ लागेर एकको मृत्यु



**पाल्पा,** असार ३/पाल्पामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको रैनादेवी छहरा गाउँपालिका-३ डाँडागाउँका ५६ वर्षीय बिमल प्रसाद पन्तको चट्याङ लागेर मृत्यु भएको हो ।

आइतबार साँझ आफ्नै घरमा बसिरहेको अवस्थामा अचानक चट्याङ लागि घाईते भएका पन्तको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारका लागि लगिएकोमा चेकजाँच गर्ने क्रममा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बजेट वक्तव्य

# लुम्बिनीमा घट्यो गरिबीको दर

## पाँच वर्षमा १८ प्रतिशमा झर्‍यो

**रामचन्द्र रायमाझी**

पाल्पा, असार ३/ लुम्बिनी प्रदेशमा गरिबीको दर घटेको छ । प्रदेशको आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा गरिबी दर घटेको उल्लेख गरिएको हो ।

पाँच वर्षअघि ३० प्रतिशत रहेकामा हाल गरिबीको दर १८ प्रतिशतमा झरेको छ । गत शनिबार प्रस्तुत गरिएको बजेट वक्तव्यमा लुम्बिनीका आर्थिक मामिला तथा योजनामन्त्री चेतनारायण आचार्यले आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको बहुआयामिक गरिबीको दर ३० रहेकामा हाल १८ मा झरेको तथ्याङ्कउल्लेख गरे । गरिबी घटे पनि यो दर अत्यन्त सुस्त रहेको छ । घटेको गरिबी दर प्रदेशको कुल जनसंख्याको १८ प्रतिशत हो । २०७८ को जनगणना अनुसार लुम्बिनी प्रदेशको जनसंख्या ५१ लाख २४ हजार २ सय २५ रहेको छ । यसमध्ये शहरी जनसंख्या २८ लाख २० हजार ४ सय ९७ अर्थात ५५.०४ प्रतिशत र ग्रामीण जनसंख्या



२३ लाख ३ हजार ७ सय २८ अर्थात ४४.९६ प्रतिशत रहेको छ । प्रदेशमा १० लाख ६ हजार ४ सय ५० घर र ११ लाख ५५ हजार ५ सय २३ परिवार रहेका छन् । एक वर्षमा खाद्यान्नका लागि ३५ हजार २९ रुपैयाँ र गैरखाद्य प्रयोजनमा ३७ हजार ८ सय ७९ रुपैयाँ गरी ७२ हजार ९ सय ८ रुपैयाँ उपभोगमा खर्च गर्न नसक्ने नागरिकलाई गरिबीको रेखामुनि रहेको मानिएको छ । यहाँ बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर आठ प्रतिशत पुगेको छ । पाँच वर्षअघि पाँच खर्ब ४० अर्ब रहेको कूल गार्हस्थ्य उत्पादन चालु आवमा सात खर्ब ७८ अर्ब हुने अनुमान गरिएको छ । प्रतिव्यक्ति आय अमेरिकी डलर आठ सय तीनबाट बढेर एक हजार एक सय २६ पुगेको जनाइएको छ ।

नेपालमा भने ५९ लाखभन्दा बढी गरिबीको रेखामुनि छन् । नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० को प्रतिवेदनअनुसार २०.२७ प्रतिशत गरिबीको रेखामुनि रहेका हुन् । पछिल्लो १२ वर्षमा ४.८९ प्रतिशत मात्रै घटेको छ । २०६६/६७ मा २५.१६ प्रतिशत थियो । जीवनस्तर सर्वेक्षणअनुसार गरिबीको दर सहरी क्षेत्र १८.३४ प्रतिशतको तुलनामा ग्रामीण क्षेत्रमा धेरै छन् । अझै ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत गरिबी रेखामुनि छन् । यस्तै लुम्बिनी प्रदेशमा बाल मृत्युदर घटेको छ । आर्थिक वर्ष २०७५/७६ मा पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ४५ रहेकामा हाल ३३ रहेको छ । नवजात शिशु मृत्युदर प्रतिहजार ३० रहेकामा हाल २१ मा सीमित भएको बजेट वक्तव्यमा उल्लेख छ । त्यस्तै माध्यमिक तह (कक्षा ९-१२) को कूल भर्नादर ७५ प्रतिशतबाट ८४ प्रतिशत र खुद भर्नादर ४० प्रतिशतबाट ५७ प्रतिशतमा वृद्धि भएको छ ।

लुम्बिनीमा सिँचाइ व्यवस्था पनि वृद्धि भएको छ । बाह्रै महिना सिञ्चित हुने भूमि २४ प्रतिशतबाट ३५ प्रतिशत पुगेको उल्लेख गरिएको छ । लुम्बिनी प्रदेश माछामासु र दूध उत्पादनमा आत्मनिर्भर भई अन्य प्रदेशमा समेत आपूर्ति भइरहेको जनाइएको छ । कूल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत पुगेको छ । लुम्बिनीमा विद्युत्को पहुँच पनि विस्तार भएको छ । विद्युतमा पहुँच पुगेको जनसंख्या ८१ प्रतिशतबाट ९८ प्रतिशत पुगेको छ भने इन्टरनेटमा पहुँच भएका घरपरिवार ४९ प्रतिशतबाट ७६ प्रतिशत पुगेको उल्लेख गरिएको छ ।

## गहना चोरी गर्ने पक्राउ



**पाल्पा,** असार ३/गहना चोरी गरी फरार रहेका एक जना पक्राउ परेका छन् । जेठ १५ गते जिल्लाको तानसेन नगरपालिका -१२ की ४० वर्षीया नन्दकुमारी खप्तरीको गहना चोरी गरी भागेका बगनासकाली गाउँपालिका-२ पोखराथोकका अर्जुन कोइराला पक्राउ परेका हुन् ।

कोइरालाले खप्तरीले लगाएको २ तोला सुनको सिक्री चोरेर भागेका थिए । उनलाई खोजतलास गर्ने क्रममा प्रहरीले शनिबार पोखराथोकबाट पक्राउ गरिएको जनाएको छ । बा. प्र ०२-०४३ प २५६४ नम्बरको केटिएम मोटरसाइकलमा बसेको अवस्थामा प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले उनको साथबाट सुनजस्तो देखिने चार थान गरगहना, मोटरसाइकल, चार थान मोबाइल, चाँदीको एक थान औंठी बरामद गरेको छ ।

यस्तै प्रहरीले उनको साथबाट एनटीसीको सिम कार्ड ९ थान, एनसीएलको सिमकार्ड १९ थान र नगद १८ हजार ६ सय समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । उनलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

## आज निर्जला एकादशी, घर-घरमा तुलसीको दल राखिदै

**पाल्पा,** असार ३/वैदिक सनातन धर्मावलम्बीहरुले आज आ-आफ्नो घरको मठमा तुलसीको दल (बिउ) राख्दै छन् । प्रत्येक वर्ष जेष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राख्ने गरिन्छ । यस दिनलाई निर्जला एकादशी पनि भनिन्छ । यस दिन रोपेको बीउ एक महिनापछि आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोप्ने चलन छ ।

आषाढ शुक्ल एकादशीदेखि कात्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ । यसलाई तुलसी हुर्काई बढाई दामोदरसँग विवाह गरिने भन्ने पनि बुझिन्छ । यो चार महिनालाई चतुर्मास पनि भनिन्छ । चतुर्मासमा स्नान, पूजन र दान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । निर्जला एकादशी समेत भनिने भएकाले यस दिन पानी समेत नपिई व्रत गर्नाले अभीष्ट फल पाइने शास्त्रीय वचन रहेको छ । सक्नेले पानी नखाई व्रत गरे पनि नसक्नेका



लागि फलफूल खाएर बस्न सकिने बताइएको छ । आयुर्वेदिकरूपमा पनि लाभकारी औषधि मानिने तुलसी विभिन्न रोगको उपचारमा प्रयोग गरिन्छ । तुलसीमा धेरै अक्सिजन पाइने आधुनिक विज्ञानले प्रमाणित गरेको छ ।

मिथिलामा सामान्यतया सबै एकादशीलाई धार्मिक विश्वासमा खास दिन मानिने परम्परा भए पनि निर्जला, हरिशयनी र हरिवोधनीचाहिँ विशेष नै मानिन्छन् । हिन्दु मैथिल परम्परामा एकादशी र तुलसीबीच गहिरो सम्बन्ध रहेको मैथिल कर्मकाण्डका ज्ञाताहरु बताउँछन् ।

सत्ययुगमा सति नारी वृन्दाका दुष्ट पतिको संहार गर्न विष्णुले छलेर उनको सतित्व डगाउँदा वृन्दाले भगवान् विष्णुलाई श्राप दिएको बताइन्छ । त्यसै श्रापअनुसार वनस्पतिरूपमा भगवान् विष्णु तुलसी हुँदा उनको पूजाआराधनासँग तुलसीको प्रचलन जोडिएको जनविश्वास छ । तुलसी वातावरण र औषधीय गुणयुक्त वनस्पति हो । एकादशी भगवान् विष्णुसँग सम्बन्धित पर्व हो । एकादशीका दिन विशेषगरी भगवान् विष्णुको पूजा आराधना गर्ने र माहत्म्य पाठ गर्नेजस्ता कर्म गरिन्छ । एकादशी शुक्ल र कृष्ण पक्षमा गरी महिनामा दुई पटक पर्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## असारे विकास र मनोवृत्ति

**आर्थिक वर्षाको अन्तमा हतारहतार बजेट सक्नेगरी हुने विकास निर्माणका कार्यको बेथिति चालू आर्थिक वर्षमा पनि देखिएको छ । नेपालमा काम अन्तिम समयमा सम्पन्न गर्ने मानसिकताले असारे विकासलाई प्रष्ट पार्छ । असार लागेको छ ।**

**वर्षभरिका कामलाई पूर्णता दिने र हिसाब राफसाफ गर्ने महिनाका रूपमा आर्थिक वर्षको अन्तिम महिना असारलाई लिने गरिन्छ । बजेट सक्ने नाममा गरिने जथाभावी खर्चलाई चलनचल्तीको भाषामा 'असारे विकास' भन्ने गरिन्छ । असारे विकासले आर्थिक अनुशासन, दिगो विकास र सुशासनलाई खिल्ली उडाउँदै आएको छ । आर्थिक वर्षाका शुरूका महिनामा सरोकारवाला निकाय चुपचाप बस्ने र वर्षाको अन्तिमका महिनामा आएर हतार–हतार विकास निर्माणका काम गर्ने प्रवृत्ति अहिले पनि दोहोरिएको छ । नेपालमा विकास निर्माणका काम समयमै सम्पन्न हुनुपर्छ भन्ने योजना बने पनि कार्यान्वयन हुन सकेको छैन । यसो हुनुको मुख्य कारण फितलो कानून हो । यसका लागि वित्तीय उत्तरदायित्व ऐन पनि छ । तर त्यसको पनि प्रभावकारी कार्यान्वयन भएको छैन । त्यसैले लक्ष्यअनुसार काम सम्पन्न भएन वा गरिएन भने दण्ड दिने कानूनको आवश्यकता पर्छ । तर त्यसो हुन सकेको छैन । यसले गर्दा असारे विकासको पुनरावृत्ति भइरहेको छ । यो अत्यन्त दुखको कुरा हो ।**

**चालु आर्थिक वर्ष सकिनै लाग्दा पाल्पासहित देशैभर सडक निर्माण कार्य धमाधम भइरहेको छ । पानी परी रहे पनि बाटो खन्न र पिज गर्न छोडिएको छैन । असारे झरीमा पिच गरेको सडकमा एक महिनापछि साउने झरीले निकै ठूला –ठूला खाडल बनाउँछ भने यो दोष झरीको होइन, मानिसको मानसिकताको हो । हाम्रो विकास पद्धतिको हो । जब असार लाग्छ, राम्रा सडकसमेत भत्काइन्छ । अनि पैदल हिंड्नसमेत मिल्दैन । सवारीसाधन दुर्घटना बढ्न थाल्छ । आफ्नो काम लिएर बाहिर निस्केर साँझ घरमा सकुशल फिर्ता हुन सकिन्छ कि सकिँदैन भन्ने भय हुन्छ । हरेक वर्ष निरन्तरता पाउने गरेको असारे विकासका कारण नागरिकले सहनु पर्ने सास्ती र व्यापक क्षतिका सम्बन्धमा राजनीतिक, प्रशासनिक नेतृत्वलगायत सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन । अत्यावश्यकबाहेक दिगो भौतिक पूर्वाधारका लागि केही समयको प्रतीक्षा गरेर कामलाई टुङ्गो लगाउने संस्कार यतिखेरको खाँचो हो, ताकि असारे विकासको नाममा बजेटमाथि ब्रह्मलुट गर्ने नियत र प्रवृत्तिमाथि अङ्कुश लाग्न सकोस् । अब पनि यसबारेमा समयमै नचेत्ने हो भने त्यो प्रवृत्ति हामी सबैका लागि घातक सिद्ध हुने निश्चित छ ।**

### Opinion @ Social Network

मुस्कान को 'मोल' हुदैंन, सम्बन्धको 'तौल' हुदैंन ,
मान्छेत भेटिन्छन हरेक मोडमा तर आमा जस्तो 'अनमोल' हुदैंन्न ।
*(जमुना रानाको फेसबुक स्टाटसबाट https://www.facebook.com/jamuna.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आम सवाल: कहाँ छ सरकार ?




*वर्तमान केन्द्रीय सरकार जनताले भोग्नुपरेका तमाम खाले समस्या समाधान गर्नेतर्फ अग्रसर हुन सकेको देखिँदैन । जनताका समस्याप्रति संवेदनशील बन्न नसकेको हुँदा सरकारको यात्रा कतै महाप्रतिगमनतर्फ उन्मुख भइरहेको त छैन भन्ने प्रश्न आमजनताले गर्न थालेका छन् । सरकारलाई जनताका समस्या समाधान गर्ने खालका योजना र कार्यक्रम ल्याउने फुर्सद नै छैन । अहिले सिंहरदरबारका आलिशान महलमा बस्नेले जनताका गाँस वास, कपास, स्वास्थ्य शिक्षा, र रोजगारी तथा सामाजिक सुरक्षा केही पनि सोच्दैनन् । कसरी हुन्छ सम्पति आर्जन गर्ने र अकूत सम्पति कमाएर रातारात मालामाल हुने ध्याउन्नमा छन् त्यहाँ बस्ने कथित शासक । महँगीले जनता उठ्नै नसक्ने गरी समस्याग्रस्त छन् । यस्तो अवस्थामा जनतालाई अनुदान दिने कार्यक्रम ल्याउन सक्नुपर्थ्यो । अनुत्पादक खर्च कटौती गर्ने तथा आर्थिक मितव्ययीता अपनाउने खालका प्रगतिशील कार्यक्रम ल्याउने विषयमा प्रधानमन्त्री, मन्त्री तथा सत्तारूढ गठबन्धनका नेताबीच खासै छलफल नै हुँदैन । कसरी हुन्छ शासन सत्तामा रहिरहने र लुटतन्त्र मच्चाउने विषयमा मात्रै उनीहरूबीच छलफल हुनु घोर विडम्बना हो । साच्चिकै देशमा सरकार भइदिएको भए जनताले चर्को मूल्यवृद्धिको सामाना गर्नु पर्दैनथ्यो । सिटामोल र जीवनजलको अभावमा अकालमै मृत्युवरण गर्नुपदैनथ्यो । सुलभ स्वास्थ्यको अभावमा रोग र शोक लिएर बस्नु पर्दैनथ्यो । मलको अभावमा किसानहरू छटपटाउनु पर्दैनथ्यो । आमजनता अभावै अभावमा बाच्नु पर्दैनथ्यो । गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको उचित प्रबन्ध हुन्थ्यो । त्यसैले अहिले मुलुकमा अधिकांश जनताले सरकार नै नभएको अनुभूति गरिरहेका छन् ।*

अहिले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा तीन तहका सरकार छन् । नागरिकको दैलोको अर्थात् नजिकको भनिएका ७ सय ५३ स्थानीय सरकार छन् । ७ वटा विचौलिया 'बिचको' भनौं वा प्रदेश सरकार र सबै भन्दा उपल्लो नेपाल सरकार भन्ने एक थान सरकार छन् । कुल ७ सय ६१ थान सरकार भएको देशमा अझै धेरै नागरिक अधिकार उपभोगबाट बञ्चित छन् । बोल्ने, लेख्ने केही हदसम्मको 'पूर्ण होइन' अभिव्यक्ति स्वतन्त्रता शिवाय संविधान मै मौलिक हकको रुपमा परिभाषित गरिएका अधिकांश हक, अधिकार उपभोगबाट आम नागरिक बञ्चित हुनु विडम्वनापूर्ण हो । देशमा ऐन, कानुन अर्थात् नीति, नियम बनाउने जिम्मा पाएको संघीय संसद 'प्रतिनिधि सभा, राष्ट्रिय सभा' भन्ने निकाय र नागरिकबाट चुनिएका सांसद छन् । बनाउनुपर्ने ऐन, कानुन कति हो र कति बन्यो ? पत्तो नभएका माननीयलाई आफूमातहत यसपटक पाँच करोडको योजना सिफारिस गर्ने अधिकार ? छ भन्ने थाहा छ । नागरिकले पनि ऐन, कानुन बनाउने जिम्मा लिएका सांसदले योजनाका काममा चासो देखाउँदा समेत क्याबात भन्दै तालि ठोकेका छन् । विचौलिया अर्थात् बिचको भनिएको प्रदेश सरकारले संघले बजेट दिएन भनेर गुनासो गर्ने अनि भाको साधनस्रोत कतै स्थानीय सरकारको नक्कल त कतै संघकै चक्करमा 'अधिकांश' खर्चने काम गरेका छन् । अपवादको कुरा गर्दा पाल्पामा विगतमा प्रदेशको बजेटबाट भाको भनिएका भौतिक पूर्वाधारतर्फका योजनाको तारिफ समेत भएको थियो । जे होस्, मन्त्रालय फोर्ने अनि जोर्ने र फेरि फोरेर भा पनि एक्लै त कहिले गठबन्धन प्रदेश सरकार गठन भएकै छ । भलै अदालतको आदेश वा विश्वासको मत नपाएर फेरि विघटन हुनुपरेका अनेक दृटान्त भेटिन्छन् । नागरिकले नजिकको सिंहदरबार ठानेका स्थानीय सरकारले प्रदेश र संघले बजेट कटौती गरेकामा गुनासो गर्दै विरोध गरे झै गरे पनि बजेट ल्याउने तयारीमा जुटेका छन् । अब भ्यू टावर निर्माण वा डोजरे विकासमा होइन रोजगारी सिर्जना र किसान उत्प्रेरणा गर्ने खालका योजना ल्याउने हाँक उनीहरुले हालेका छन् । के गर्ने हुन् असार १५ भित्रै छर्लङ्ग हुनेछ । विशेषत : यहाँ आम नागरिकका सवाल र उनीहरुप्रति सरकारले निर्वाह गरेको भूमिकाका विषयमा केन्द्रीत रहेर चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

व्यवस्था परिवर्तनपछि पनि नेपाली जनताले सरकार रहेको महसुस गर्न पाएका छैनन् । केवल बेथिति, भ्रष्टाचार, कुशासन, महँगी, हड्ताल, अस्थिरता पाएका छन् । जनताका लागि सरकार हराएको लामो समय भइसकेको छ । गणतन्त्रको घोषणादेखि संघीयताको सूत्रपातले संघीय गणतान्त्रिक मुलुकका रूपमा नेपाललाई परिभाषित गरिसकेका छौं । यस्ता परिभाषा संसारका थोरै राष्ट्रले मात्र हासिल गर्न सकेका छन् । र त हामी आफ्नो राज्यव्यवस्थाप्रति गौरवमय अनुभूति गर्छौं । यद्यपी व्यवस्था राम्रो भए पनि मुलुकमा सञ्चालित सरकारले जनतालाई अनूभुत हुने गरी काम गर्न सकेका छैनन् । संविधानले प्रत्याभूत गरेको सवालमा कुन सरकार अगाडि बढेको छ ? धेरै सवालको कुरा नगरौँ । शिक्षा, स्वास्थ्य, रोजगारी र महंगी नियन्त्रणका सवालमा २०६२ पछिका कुन सरकारले कति चासो देखाए ? दुईधारको शिक्षा, नागरिकको घाटी रेट्ने स्वास्थ्य सेवा अनि १२ पासपछि विदेश धाउनुपर्ने रोजगारीको बाध्यताबारे कुन चाही सरकार संवेदनशील बने ? तसर्थ नागरिक सोध्न बाध्य छन्-सरकार कता छ ? आजका नेपाली प्रत्येकको टाउकामा सरदर ९० हजार ऋणको भारी छ । बजारभाउ वर्षेनी बढेको बढ्यै छ । उत्पादन गर्ने किसानले ५ रुपैयाँमा बिक्री गरेको सामानको मूल्य उपभोक्ताको हातमा पुग्दा २० रुपैयाँ पुग्छ ।

विचौलियाले १५ रुपैयाँ खान्छ, किसान र उपभोक्ताले टाउको समाउँछ । कुनै सरकार पनि यो प्रवृत्तिप्रति संवेदनशील छैन । सामुदायिक शिक्षालाई सांसद, मन्त्री, नेताले नै उपेक्षा गरेका छन् । कति पय जनप्रतिनिधि र शिक्षक, कर्मचारीले दुईधारको शिक्षा हुनुहुन्न भन्छन् तर आफ्नै सन्तान बोर्डिङमा पढाउँछन् । स्वास्थ्य क्षेत्रको दुरावस्था जगजाहेर छ । सरकारी कार्यालयबाट सेवा प्राप्त गर्न भुक्तमान'नापी, यातायात, मालपोत आदि' व्यहोनुपर्ने स्थिति उस्तै छ । सडक खन्ने, सुधार्ने नाममा पानीका मूल पुर्ने, पैदल मार्ग भाटिने गरेका छन् । कच्ची सडकमा चल्ने सवारीले गाडीभाडा आफूखुसी असुल्ने चलन उस्तै छ । सरकारहरूलाई यी सवाल थाहा नभएका होइनन् तर प्राथमिकतामा पर्दैनन् । चुनिएपछि ५ वर्ष भित्र चुनाव खर्चको व्यवस्थापन गर्नुपर्ने सवाल चासोको विषय बनेको छ अधिकांशको । व्यवस्था फेरिएर के भो अवस्था फेरिएन देश र गरिखाने वर्गको भन्दैछन् आम नागरिक । आम नागरिकको गुनासो सुन्ने सरकार कता छ ?

वर्तमान केन्द्रीय सरकार जनताले भोग्नुपरेका तमाम खाले समस्या समाधान गर्नेतर्फ अग्रसर हुन सकेको देखिँदैन । जनताका समस्याप्रति संवेदनशील बन्न नसकेको हुँदा सरकारको यात्रा कतै महाप्रतिगमनतर्फ उन्मुख भइरहेको त छैन भन्ने प्रश्न आमजनताले गर्न थालेका छन् । सरकारलाई जनताका समस्या समाधान गर्ने खालका योजना र कार्यक्रम ल्याउने फुर्सद नै छैन । अहिले सिंहरदरबारका आलिशान महलमा बस्नेले जनताका गाँस वास, कपास, स्वास्थ्य शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षा केही पनि सोच्दैनन् । कसरी हुन्छ सम्पति आर्जन गर्ने र अकूत सम्पति कमाएर रातारात मालामाल हुने ध्याउन्नमा छन् त्यहाँ बस्ने कथित शासक । महँगीले जनता उठ्नै नसक्ने गरी समस्याग्रस्त छन् । यस्तो अवस्थामा जनतालाई अनुदान दिने कार्यक्रम ल्याउन सक्नुपर्थ्यो । अनुत्पादक खर्च कटौती गर्ने तथा आर्थिक मितव्ययीता अपनाउने खालका प्रगतिशील कार्यक्रम ल्याउने विषयमा प्रधानमन्त्री, मन्त्री तथा सत्तारूढ गठबन्धनका नेताबीच खासै छलफल नै हुँदैन । कसरी हुन्छ शासन सत्तामा रहिरहने र लुटतन्त्र मच्चाउने विषयमा मात्रै उनीहरूबीच छलफल हुनु घोर विडम्बना हो । साच्चिकै देशमा सरकार भइदिएको भए जनताले चर्को मूल्यवृद्धिको सामाना गर्नु पर्दैनथ्यो । सिटामोल र जीवनजलको अभावमा अकालमै मृत्युवरण गर्नुपदैनथ्यो । सुलभ स्वास्थ्यको अभावमा रोग र शोक लिएर बस्नु पर्दैनथ्यो । मलको अभावमा किसानहरू छटपटाउनु पर्दैनथ्यो । आमजनता अभावै अभावमा बाच्नु पर्दैनथ्यो । गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको उचित प्रबन्ध हुन्थ्यो । त्यसैले अहिले मुलुकमा अधिकांश जनताले सरकार नै नभएको अनुभूति गरिरहेका छन् । यस्तो अवस्था कहिलेसम्म रहला ? कतै यही दु:खद अवस्था रहिरहेमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था नै धरापमा पर्ने त होइन ? अहिले गम्भीर चिन्ताको विषय बनेको छ ।

***(लेखक नेपाल पत्रकार महासंघ पाल्पाका सल्लाहकार तथा पूर्व सभापति समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । | **तुला** : बौद्धिकताको विकास हुनेछ । आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । नोकरीबाट मानसम्मान मिल्नेछ । | **वृश्चिक** : लामो यात्राबाट हानी हुनसक्छ । मानसम्मान प्राप्त हुने सम्भावना छ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । कृषिक्षेत्रका काममा मन जानेछ । | **धनु** : प्रेमका लागि श्रेष्ठ समय रहेको छ । पुनर्मिलनको योग पनि रहेको छ । |
| **कर्कट** : दबाब र तनाव बढेको महसुस हुनेछ । शरीरमा आलस्य आउला । | **मकर** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । |
| **सिंह** : बन्धुबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । | **कुम्भ** : कलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **कन्या** : मनमा प्रसन्नता छाउनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ । |

विज्ञान/सूचना प्रविधि

# गुगल सर्चको रेकर्ड कसरी मेटाउने ?

गुगलले सबै कुरा थाहा पाउँछ । चाहे त्यो तपाईको मनपर्ने ठाउँ होस् वा मनपर्ने संगीत वा अरु कुनै । गुगलले तपाईलाई सही जवाफ दिन्छ जब तपाईले यसको प्लाटफर्ममा कुनै पनि विषय खोज्नुहुन्छ । किनकि गुगलले तपाईको गुगल अकाउन्टबाट हुने हरेक गतविधिको विवरण सुरक्षित राखेको हुन्छ । प्रयोगकर्ताको सर्च हिस्ट्रीको आधारमा पर्सनलाइज्ड अनुभव प्रदान गर्नका लागि गुगलले ती डेटाको प्रयोग गर्दछ । तर यदि तपाई गुगलले आफ्ना अनलाइन गतिविधि अर्थात् सर्च हिस्ट्री ट्र्याक नगरोस् भन्ने चाहनुहुन्छ भन्ने त्यसलाई डिलिट गर्नु उपयुक्त हुन्छ । साथै गुगल ट्र्याकिङलाई बन्द पनि गर्न सकिन्छ। गुगल सर्चको रेकर्ड कसरी मेटाउने त ? यसका लागि देहाय अनुसार गर्नुपर्छ :




*प्रयोगकर्ताको सर्च हिस्ट्रीको आधारमा पर्सनलाइज्ड अनुभव प्रदान गर्नका लागि गुगलले ती डेटाको प्रयोग गर्दछ । तर यदि तपाई गुगलले आफ्ना अनलाइन गतिविधि अर्थात् सर्च हिस्ट्री ट्र्याक नगरोस् भन्ने चाहनुहुन्छ भन्ने त्यसलाई डिलिट गर्नु उपयुक्त हुन्छ । साथै गुगल ट्र्याकिङलाई बन्द पनि गर्न सकिन्छ। गुगल सर्चको रेकर्ड कसरी मेटाउने त ?*

**पर्सनल कम्प्युटर वा म्याकमा गुगल सर्च हिस्ट्री डिलिट गर्ने तरिका ल्यापटप वा पिसीमा गुगल सर्च हिस्ट्री तथा अन्य अनलाइन गतिविधि सजिलैसँग डिलिट गर्न सकिन्छ ।**

यसका लागि : ल्यापटप वा कम्प्युटरमा गुगल क्रोम खोल्नुहोस् र दायाँ माथिपट्टि रहेको तीनवटा ठाडो थोप्लोवाला आइकनमा क्लिक गर्नुहोस्

त्यसपछि History अप्सनमा जानुहोस् र मेन्यूबाट History मा क्लिक गर्नुहोस् । यसो गर्नुको साटो तपाईले सीधै विन्डोजमा Ctrl±H तथा म्याकमा Cmd±Y थिचन सक्नुहुन्छ ।

त्यसपछि Clear Browsing data मा क्लिक गर्नुहोस् जुन मेन्यूको बायाँ भागमा हुन्छ ।

Browsing history box मा टिक लगाउनुहोस् र Clear Data मा क्लिक गर्नुहोस् ।

यसो गरेसँगै तपाईले आफ्नो क्रोम ब्राउजरबाट गुगल सर्च हिस्ट्री मेटाउन सक्नुहुन्छ । तर यसले केवल क्रोम ब्राउजरको सर्च हिस्ट्री मात्रै मेटिन्छ तर अरु ब्राउजरबाट तपाईले गरेको ब्राउजिङ हिस्ट्री कायमै रहेको हुन्छ ।

**गुगल अकाउन्टको सहयोगमा गुगल सर्च हिस्ट्री मेटाउने तरिका**

यदि तपाई आफ्ना सबै अनलाइन गतिविधिको हिस्ट्री मेटाउन चाहनुहुन्छ भने त्यसलाई गुगल अकाउन्टबाटै डिलिट गर्नुपर्ने हुन्छ ।

गुगल अकाउन्टबाट हिस्ट्री डिलिट गर्नाले उक्त अकाउन्ट लगइन भएका सबै डिभाइस, हेरेका सबै वेबसाइट तथा भिडियोहरुको हिस्ट्री पनि मेटिन्छ । यसका लागि :

-गुगल क्रोम खोल्नुहोस् र My Activity page खोज्नुहोस्

-लगइन गर्नुहा्स् वा सर्च हिस्ट्री डिलिट गर्न चाहेको अकाउन्ट छान्नुहोस्

-सर्च बारको ठ्याक्कै तल Delete अप्सन देख्नुहुनेछ ।

-कुन समयावधिको सर्च हिस्ट्री डिलिट गर्न चाहेको हो छान्नुहोस् । तपाईले सबै गुगल हिस्ट्री डिलिट गर्नका लागि All time छान्न सक्नुहुन्छ ।

-त्यसपछि सर्च हिस्ट्री डिलिट गर्न चाहेको हो त ? भन्ने प्रश्न सोधिएको पप अप देखा पर्दछ । त्यसमा Delete मा क्लिक गर्नुहोस् ।

-यति गरिसकेपछि गुगलले अकाउन्टबाट सबै ब्राउजिङ हिस्ट्री डिलिट गरिदिनेछ ।

-एन्ड्रोइडमा गुगल सर्च हिस्ट्री डिलिट गर्ने तरिका

-यसका लागि दुईवटा तरिका छन्, एउटा गुगल सर्च एपबाट र अर्को गुगल क्रोमबाट ।

गुगल सर्च एपबाट हिस्ट्री डिलिट गर्नका लागि : आफ्नो एन्ड्रोइडमा गुगल एप खोल्नुहोस् र आफ्नो प्रोफाइल तस्वीरमा क्लिक गर्नुहोस्

**मेन्यूबाट सर्च हिस्ट्रीमा जानुहोस्**

डिलिट अप्सन छान्नुहोस् र आफुले डिलिट गर्न चाहेको सर्च हिस्ट्रीको समयावधि छान्नुहोस् । तपाईले आजमात्रैको, कुनै निश्चित समयावधिको वा हालसम्मको सबै ब्राउजिङ हिस्ट्री डिलिट गर्न सक्नुहुन्छ ।

चाहेको विकल्प छानिसकेपछि म्भभितभ अप्सनमा ट्याप गर्नुहोस् । यसो गर्दा सर्च हिस्ट्री आफै डिलिट हुनेछ ।

**गुगल क्रोमबाट :** एन्ड्रोइड डिभाइसमा गुगल क्रोम एप खोल्नुहोस् र दायाँ माथिल्लो छेउमा रहेको तीनवटा थोप्लोवाला मेन्यूमा ट्याप गर्नुहोस् ।

मेन्यूबाट History छान्नुहोस् र Clear Browsing data मा ट्याप गर्नुहोस्

Browsing data अप्सनमा ट्याप गर्नुहोस् र समयावधि छान्नुहोस्

त्यसपछि ऋभिबच मबतब मा ट्याप गर्नुहोस् ।

आइओएसबाट गुगल सर्च हिस्ट्री डिलिट गर्ने तरिका

यसका लागि :

-आफ्नो आइओएस डिभाइसमा गुगल क्रोम एप खोल्नुहोस्

-एपको दायाँ पिंधमा रहेको तिनवटा तेर्सो थोप्लोवाला मेन्यूमा ट्याप गर्नुहोस्

-त्यहाँबाट History अप्सनमा ट्याप गर्नुहोस्

-एपको पिंधमा रहेको clear browsing data मा ट्याप गर्नुहोस्

-मेन्यूबाट Browsing history को अप्सन छान्नुहोस् । आफुले डिलिट गर्न चाहेको ब्राउजिंङ हिस्ट्रीको समयावधि छान्नुहोस् ।

-त्यसपछि अभिबच browsing बटनमा थिच्नुहोस् र पुन : त्यसमै थिचेर कन्फर्म गरी आफ्नो आइओएस डिभाइसबाट ब्राउजिङ हिस्ट्री डिलिट गर्नुहोस् ।

**गुगलको My Activity History मा अटो डिलिट कसरी सेट गर्ने ?**

गुगलमा तपाईको सर्च हिस्ट्री आफै डिलिट हुने फिचर पनि उपलब्ध छ । Google My Activity पेजमा तपाईले आफ्नो सर्च, वेब तथा अन्य अनलाइन गतिविधिहरू हरेक ३, १८ र ३६ महिनामा आफैं डिलिट हुनेगरी सेट गर्न सक्नुहुन्छ । यसका लागि : क्रोम वा अन्य ब्राउजरमा Google My Activity पेज खोल्नुहोस्

Web and App Activity खण्डमा गएर स्क्रोल डाउन गर्नुहोस् र Auto Delete अप्सनमा जानुहोस्

Choose and Auto delete अप्सन छान्नुहोस् र अटो डिलिटको समय छान्नुहोस् । त्यसमा तपाईले ३, १८ वा ३६ महिना छान्न सक्नुहुनछ। ल्भहत मा क्लिक गर्नुहोस् र तपाईले उक्त समयका सर्च हिस्ट्री देख्न सक्नुहुन्छ । त्यसपछि confirm मा क्लिक गर्नुहोस् ।

**गुगललाई ट्र्याकिङ गर्नबाट कसरी रोक्ने ?**

आफ्नो ब्राउजिङ हिस्ट्री गुगलले ट्र्याक नगरोस् भन्ने धेरै प्रयोगकर्ताको चाहना हुन्छ । गुगलले प्रयोगकर्ताको ट्र्याकिङलाई सीमित गर्नका लागि My Activity पेजमा विकल्प दिएको हुन्छ । यसका लागि :

-डेस्कटप वा मोबाइल डिभाइसमा गुगलको My Activity पेज खोल्नुहोस्

–Web & App Activit खण्डमा क्लिक गर्नुहोस् र अर्को पेजमा तगचल याा अप्सन छान्नुहोस्

-यसो गरिसकेपछि तपाईलाई गुगलले ट्र्याक गर्न सक्दैन । तर ट्र्याकिङ बन्द गर्नाले गुगलको सर्च हिस्ट्रीको आधारमा प्राप्त हुने पर्सनलाइज्ड अनुभवमा भने असर पुग्नसक्छ । तपाईले My Activity पेजबाट लोकेसन हिस्ट्री तथा युट्युब हिस्ट्रीको ट्र्याकिङ पनि बन्द गर्न सक्नुहुन्छ ।

*-अनलाईन खबर डटकम*

# एउटै आईएमईआई नम्बरका डेढ लाख भन्दा बढी फोन प्रयोगमा

मोबाइल टेक्नोलोजीको आधारभूत ज्ञान भएका सबैलाई थाहा छ कि प्रत्येक मोबाइल फोनको एक युनिक नम्बर हुन्छ जसलाई आई.एम.ई.आई नम्बर भनिन्छ । फोन हराए वा चोरी भएमा यो नम्बर खोजिन्छ । त्यसैको सहयोगले कैयौं पटक प्रहरीले चोरलाई पनि समात्छ ।

यद्यपि प्रत्येक मोबाइल फोनको आई.एम.ई.आई नम्बर फरक हुन्छ, तर हामी प्राय: यो विशेष नम्बर क्लोन वा परिवर्तन भएकोबारे सुन्छौं । बंगलादेशको मोबाइल फोन अपरेटर रोबीका प्रमुख कर्पोरेट तथा नियामक अधिकारी शाहिद आलमको बयानले सबैलाई चकित बनाएको छ । गत बिहीबार राजधानी ढाकास्थित दूरसञ्चार निर्देशनालयमा आयोजित एक सेमिनारमा उनले बंगलादेशमा एउटै आई एम ई आई नम्बरका डेढलाख भन्दा बढी फोन प्रयोग भइरहेको बताएर सबैलाई चकित बनाए । सेमिनारमा उनले भने,'बंगलादेशमा एउटै आई एम ई आई नम्बरका डेढ लाखभन्दा बढी मोबाइल फोनहरू प्रयोग भइरहेका छन् । ती सबै फोन नक्कली हुन् ।' यद्यपि नक्कली मोबाइल फोनको संख्या १.५ लाखभन्दा कम हुनसक्ने बताइएको छ । उनले भने,'केही वर्षदेखि एउटै अपरेटरको नेटवर्कमा आठ लाख मोबाइल एउटै आई.एम.ई.आई कोडमा काम गरिरहेका थिए ।'तर यो खुलासा पछि एउटै आई.एम.ई.आई नम्बरका यति धेरै फोन कसरी सँगै काम गरिरहेका छन् भन्ने प्रश्न उठेको छ ।

आई.एम.ई आई भनेको के हो ? आई.एम.ई.आई इन्फोका अनुसार इन्टरनेशनल मोबाइल इक्विपमेन्ट आइडेन्टिटी (आई.एम.ई.आई) १५ अंकको नम्बर हो ।



यो नम्बर मोबाइल ह्यान्डसेट निर्माण गर्दा प्रोग्राम गरिएको हुन्छ । तर कतिपय अवस्थामा यो संख्या १७ अंकको पनि हुन सक्छ । वास्तवमा यो नम्बर मोबाइल ह्यान्डसेटको परिचय हो । यो नम्बरले यो ह्यान्डसेट कुन कारखानामा बनेको र कुन क्षेत्रमा प्रयोग भइरहेको छ भन्ने देखाउँछ । आई एम ई आई नम्बरमा फोनको युनिक सिरियल नम्बर पनि हुन्छ । यसको साथमा एउटा नम्बर छ जसद्वारा सम्पूर्ण नम्बर पहिचान गर्न सकिन्छ । ग्लोबल सिस्टम फर मोबाइल कम्युनिकेसन (जीएसएम) मोबाइल नम्बरमा एउटै आई.एम.ई.आई नम्बर हुने र सजिलै पहिचान गर्न सकिने गरी डिजाइन गरिएको हो । यदि फोन हराए वा चोरी भयो भने, यसलाई पत्ता लगाउन आई.एम.ई.आई नम्बर प्रयोग गरिन्छ । मोबाइल फोनको मामलामा प्राय: दुई प्रकारको क्लोनिङ गरिन्छ । एउटा सिम क्लोनिङ र अर्को आई.एम.ई.आई क्लोनिङ हो ।

ढाका विश्वविद्यालयको इन्स्टिच्युट अफ इन्फर्मेशन टेक्नोलोजीका निर्देशकले बीबीसी बंगलालाई फोनको परिचय नक्कल गर्न सकिने बताए । यद्यपि आम मानिसले सजिलै गर्न सक्दैनन् । यसमा धेरै प्राविधिक चरणहरू संलग्न छन्। भर्खरै ढाकामा नक्कली ह्यान्डसेट बनाउने केही अवैध कारखानामा छापा मारेको थियो। ढाका महानगरीय प्रहरी साइबर र विशेष अपराध विभागले अगस्ट २०२० मा सामसुङ र नोकिया फोनको नक्कल गरेर ह्यान्डसेटहरू बनाउने एउटा नक्कली कारखाना फेला पारेको यो स्मार्ट फोनहरूमा कम सामान्य छ । विज्ञहरूले फोन पहिचान नम्बरहरूको ठूलो संख्या मिलाउन अन्य सम्भावित तरिकाहरू छन् । अवैध रूपमा बाहिरबाट आउने अज्ञात वा बेनामी गर्न सकिन्छ । पूर्वनिर्धारित रूपमा उही आई.एम.ई.आई नम्बर प्रयोग गरिन्छ । विदेशी कम्पनीबाट पार्टपुर्जा खरिद गरिएको हो भने त्यस्ता सूटवेयर वा आवश्यक उपकरण उपलब्ध गराएको हुनसक्ने विज्ञहरु बताउछन् ।

मूल फोनको एउटै आई.एम.ई.आईनम्बरको आई.एम.ई.आई डाटाबेसबाट क्लोन गरियो भने ह्यान्डसेटको जानकारी डाटाबेसमा उपलब्ध हुनेछ । यसलाई रोक्न कानूनी कारबाही र दोस्रो, प्राविधिक चरणहरू रहेका छन् । एक पटक फोन प्रयोगकर्ताको हातमा पुगेपछि प्राविधिक उपायहरूले खासै काम नलाग्ने हुनाले कानुनी कारबाही गर्नुपर्नेमा जोड दिइएको छ । आजको समयमा, मोबाइल फोन ट्र्याकिङ प्राय: अपराधी पत्ता लगाउन प्रयोग गरिन्छ । जुनसुकै अपरेटरको टावरमा जडान भएको मोबाइल फोनको आईएमईआई अपरेटर कम्पनीले थाहा पाउन सक्ने हुन्छ । तर एउटै आईएमईआई नम्बर भएका धेरै ह्यान्डसेट भएमा कुनै खास ह्यान्डसेट ट्रेस गर्न गाह्रो हुन्छ । जीएसएम संघले प्रत्येक आई.एम.ई.आई लागि रोयल्टी तिर्नुपर्छ । त्यो रोयल्टीबाट बच्नको लागि एक देशका निर्माताहरूले एकल आईएमईआई नम्बरमा लाखौं ह्यान्डसेटहरू उत्पादन गर्ने गरेको बताइएको छ । मूल फोनको एउटै आईएमईआई नम्बरको आईएमईआई डाटाबेसबाट क्लोन गरियो भने ह्यान्डसेटको जानकारी डाटाबेसमा उपलब्ध हुनेछ । *-हाम्राकुरा डटकम*

# साइलेन्ट मोडको फोन हरायो ? अब के गर्ने ?

कहिलेकाहिँ फोन कतै राखेर बिर्सिने समस्या धेरैलाई हुन्छ, धुइँपत्तालले खोज्दा पनि भेटिन्न । अरूको फोन मागेर कल गर्‍यो घण्टी बज्दैन । अनि बल्ल झल्याँस्स भइन्छ कि फोन त साइलेन्ट मोडमा पो थियो ।

यस्तोमा अब फोन कसरी खोज्ने ? कहाँ खोज्ने ? के गर्ने ? यस्तो स्थितिमा हामी सबै जना कुनै न कुनै बेला परेका छौं/परिरहेका हुन्छौं । साइलेन्ट मोडमा भएको फोन खोज्नु जत्तिको झिँजो लाग्दो काम के नै होला र ? फोन घरमा कतै पर्‍यो कि अफिसमा छोडियो, न कसैले चोरी पो सक्यो कि ? यस्तै खालको भावनाहरू मनमा आउँछन् । साइलेन्ट मोडमा भएको फोनलाई अथक प्रयास नगरी पनि खोज्न सकिन्छ ।



**एन्ड्रोइड प्रयोगकर्ताका लागि :** तपाईको फोन एन्ड्रोइड हो भने साइलेन्ड मोडमा फोन कहाँ छ भनेर पत्ता लगाउन गुगल डिभाइस म्यानेजरको प्रयोग गर्न सकिन्छ । यसका लागि यी काम गर्नुस्

-डेस्कटप कम्प्युटर, ल्यापटप वा ट्याबलेट प्रयोग गरेर आफ्नो गुगल एकाउन्टमा जानुस् ।

-एन्ड्रोइडडटकम/डिभाइस म्यानेजरमा जानुहोस् अनि जिमेल एकाउन्टमा लग इन गर्नुस् ।

- 'रिङ' अप्सन छान्नुहोस् । यति गरेपछि फोनमा खास किसिमको सिग्नल जानेछ । साइलेन्ट मोडबाट हटेर फोन पूरा आवाजमा बज्नेछ ।

**आईओएस यूजरका लागि :** आईओएस यूजरका लागि पनि प्रक्रिया यस्तै हो । यसका लागि आईक्लाउड प्रयोग गर्नु पर्नेहुन्छ ।

-अर्को आईओएस डिभाइस वा कम्प्युटरबाट आफ्नो आईक्लाउड एकाउन्टमा लग इन गर्नुस् ।

-आईक्लाउडडटकममा जानुस् अनि फाइन्ड माइ फोन फिचरको सहयोग लिनुस् ।

-फोनमा जोरसँग घण्टी बज्नेछ । अनि तपाईले सजिलै फोन खोज्न सक्नु हुनेछ । *-रातोपाटी डटकम*

# मनाइयो पहिलो दिनको बक्र इद




**पाल्पा,** असार ३/ मुस्लिम धर्मावलम्बीको दोस्रो महान पर्व बक्र इद (इदुल जोहा) सोमबार देशभरका मस्जिदमा नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ । पर्वको पहिलो दिन नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा इस्लाम धर्मावलम्बीको निकै नै चहलपहल बढेको थियो । बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गइ सामूहिक नमाज पढिएको छ । नमाज पढिसकेपछि एक आपसमा अंकमाल गर्दै शुभकामना आदान प्रदान समेत गरिएको थियो । मुस्लिम धर्मावलम्बीले सोमबारदेखि तीन दिन बुधबारसम्म यो पर्व मनाउदै छन् ।

यस पर्वमा अल्लाहलाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् । हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो ।

अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकको प्यारो चीज कुर्वान (बलिदान) दे भन्ने थियो । त्यसअनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैं आएर परीक्षामा उत्तीर्ण भइस् यो भेडालाई बलिदान गर भनी आदेश दिएको हो भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ ।

यही घटनाका आधारमा यो पर्व मनाउन सुरु भएको ऐतिहासिक पृष्ठभूमि छ । पर्वको अवसरमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको थियो ।

# मनसुन सक्रिय नहुँदा अत्यधिक गर्मीको सम्भावना



**काठमाडौं,** असार ३/ यही असार ६ गतेसम्म देशका मध्य तथा पश्चिमी तराईका भू-भागमा मनसुन सक्रिय नहुँदा अत्यधिक गर्मीको सम्भावना देखिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागले जारी गरेको बुलेटिन अनुसारसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले यसको असरबाट बच्न आवश्यक तयारी गरी सतर्कता अपनाउन अनुरोध छ ।

मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् सरोज पुडासैनीले मनसुन सक्रिय नहुँदा सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा अत्यधिक गर्मीको सम्भावना रहेको जानकारी दिए । 'मुलुकको पूर्वी क्षेत्रमा मनसुन सक्रिय भइसकेको छ, पूर्वबाट पश्चिम बहने हावा सक्रिय नहुँदा पश्चिमी क्षेत्रमा असार ६ गतेसम्म तातो हावाको लहर चल्ने छ', उनले भने, 'महाशाखाले मौसमसम्बन्धी तीन दिनसम्मको मात्रै पूर्वानुमान गर्ने भएकाले आगामी तीन दिनसम्म पश्चिम क्षेत्रमा मौसम सक्रिय हुँदैन, त्यसपछि पनि के हुन्छ आजै भन्न सकिदैन ।' तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्तालगायत भएकाले सोबाट बच्नुपर्ने मौसमविद् पुडासैनीले बताए । 'तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र वा चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिने गर्नुपर्छ', उनले भने । *-रासस*

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक सोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

# टी-२० विश्वकपमा नेपाल बङ्गलादेशसँग पराजित



**काठमाडौं,** असार ३/आईसीसी टी-२० विश्वकप क्रिकेटमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएको छ । नेपाल १९ ओभर २ बल ८५ रनमा अलआउट भयो । नेपालले प्रतियोगितामा ऐतिहासिक जितका साथ सुखद अन्त्य गर्न असफल भयो । सोमबार नेपालका लागि १० वर्षअघि सन् २०१४ मा बङ्गलादेशसँग हारेको बदला लिने मौका थियो तर त्यो पनि गुमायो । नेपालले टी-२० क्रिकेटमा अहिलेसम्म टेस्ट टोलीलाई हराउन सकेको छैन ।

खेलमा नेपालका कुशल मल्लले सर्वाधिक २७ रन बनाए । त्यस्तै दिपेन्द्रसिँह ऐरीले २५ र आशिफ शेखले १७ रन बनाए । कप्तान रोहित पौडेल एक रनमा आउट भए । नेपाललाई जितका लागि बङ्गलादेशले एक सय ७ रनको लक्ष्य दिएको थियो । वेस्ट इन्डिजको किङ्सटाउनमा टस हारेर पहिला ब्याटिङ गरेको बङ्गलादेश १९ ओभर ३ बलमा एक सय ६ रन बनाउँदा अलआउट भयो । उसका शाकिब अल हसनले सर्वाधिक १७ रन बनाए । त्यस्तै मोहम्मदुल्लाह र रिसाद होसेनले समान १३ रन जोडे । जाकेर अलीले १२ रन जोडे । तक्सिन अहमेद १२ रनमा अविजित रहे । लिटन दासले १० रन बनाए । बङ्गलादेशका अरु खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

खेलमा सन्दीप लामिछानेले चार ओभरमा दुई विकेट लिदैं टी-२० मा एक सयौं विकेट पूरा गरेका छन् । अफगानिस्तानका रासिद खानपछि उनले सबैभन्दा चाँडो यो उपलब्धि हासिल गरेका हुन् । सय विकेट पुरा गर्ने लामिछाने नेपालका पहिलो खेलाडी बनेका छन् । त्यस्तै कप्तान रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी र सोमपाल कामीले समान दुई विकेट लिए । सोमपाल कामीले खेलको पहिलो बलमा नै विकेट लिएका थिए । नेपाल यसअघि दक्षिण अफ्रिकासँग एक रनले हारेर समूह चरणबाट नै बाहिरीएको थियो । खेल जितेको बङ्गलादेश समूह 'डी' बाट सुपर आठमा पुगेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# उच्च मूल्यबाट ६ सय घट्यो सुन




**पाल्पा,** असार ३/उच्च मूल्यबाट सुनको भाउ सोमबार तोलामा ६ सय रुपैयाँ घटेको छ । निरन्तर उकालो लागेर नयाँ रेकर्ड बनाई रहेको सुन ६ सयले घटेको हो ।

सोमबार छापावाला सुन प्रतितोला १ लाख ४२ हजार २ सय रुपैयाँमा कारोबार भइरहेको सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । आइतबार छापावाला सुन प्रतितोला १ लाख ४२ हजार ८ सय रुपैयाँ थियो । महासंघका अनुसार तेजावी सुनको मूल्य प्रतितोला १ लाख ४१ हजार ५ सय रुपैयाँ पुगेको छ । यसअघि सुनको मूल्य प्रतितोला १ लाख ४२ हजार १ सय रुपैयाँमा कारोबार भएको थियो । चाँदीको मूल्य पनि तोलामा २० रुपैयाँले घटेको छ । आइतबार प्रतितोला १ हजार ८ सय २० रुपैयाँ पुगेको थियो भने सोमबार १ हजार ८ सय रुपैयाँमा कारोबार भइरहेको छ ।

सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

Vacancy Announcement

**St. Capitanio School, Tansen, Palpa** is looking for qualified and experienced teachers who can teach subjects: English, Social Studies and extra curricular activities in **Lower Secondary level and Primary level.**

**1. Position :** 1

**2. Qualification :** Graduation with B.Ed in respective subjects, with valid teaching license. Preference will be given based on teaching experience.

**3. Salary and benefits:** According to the school financial rule and benefit scheme.

Interested candidates may apply before **20 Asar, 2081** and send their application and CV to:

The Principal St. Capitanio School Tansen Palpa 9847374587

Only shortlisted candidates will be called for further selection procedures, as stated in the Education Act 2059.

**St. Capitanio School**
**Tansen-3, Palpa**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई